# बागमती गाउँपालिका

**Bagmati Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office of Rural Municipal Executive**
भट्टेडाँडा, ललितपुर
**Bhattedada, Lalitpur**
बागमती प्रदेश, नेपाल
**Bagmati Province, Nepal**


सू.नं. / **Notice. No. :** ९८

## सहकारी संघ/संस्थाहरुको विवरण अद्यावधिक गर्ने बारेमा अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०८१/०६/०६ गते)

बागमती गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा ७४ बमोजिम यस गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण सहकारीहरुले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र संस्थाको निरीक्षण सम्बन्धी प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्ने प्रावधान छ । यस सम्बन्धमा पटक पटक सूचना प्रकाशन गर्दा पनि कतिपय सहकारीहरुले आफ्नो संस्थाको विवरण अद्यावधिक गरेको नपाइएको तथा नेपाल सरकारको *सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली* **(*Co-operative and Poverty-related Management Information System (COPOMIS)*)** मा अनिवार्य आवद्धता गराई प्रविधिमैत्री एकीकृत व्यवस्थापन गर्न अत्यन्तै जरुरी भएको हुँदा गाउँपालिका भित्रका सम्पूर्ण सहकारी संघ/संस्थाहरु २०८१ असोज मसान्त भित्र उक्त ***COPOMIS* *मा अनिवार्य आवद्ध भइ सो प्रणाली मार्फत आ.व. ०८०/०८१ को वार्षिक विवरण प्रविष्ट गर्नुहुन*** सरोकारवाला सम्पूर्णमा यो सूचना प्रकाशित गरिएको छ । तोकिएको अवधि भित्र विवरण अद्यावधिक नगर्ने सहकारी संघ/संस्थाहरुलाई बागमती गाउँपालिका सहकारी ऐन, २०७५ बमोजिम कारबाही प्रकृया अगाडि बढाइने व्यहोरा अनुरोध छ ।

०८१/०६/०६
मुरली धर घिमिरे
कृषि विकास अधिकृत